## मिति २०८२ साल कार्तिक १४ गते बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको ४८ औं बैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो ४७ औं बैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगति बारे छलफल तथा समीक्षा गरियो । अघिल्लो बैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

**निर्णय नं. २**

मन्थली नगरपालिकाबाट चालु आ.व. २०८२/८३ का लागि विनियोजित बजेट तथा कार्यक्रम सञ्चालनका लाग देहाय बमोजिमको समय सारिणी पारित गरी कार्यान्वयनका लागि कार्यालयलाई निर्देशन दिने।

| सि.नं | कार्य विवरण | समय सीमा | जिम्मेवार निकाय |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन | २०८२ मंसिर १५ गतेभित्र | सम्बन्धित वडा कार्यालय |
| २ | उपभोक्ता समितिसँग सम्झौता र कार्यादेश प्रदान | २०८२ पौष १५ गते भित्र | कार्यालय प्रमुख, योजना शाखा, पूर्वाधार शाखा |
| ३ | कार्य सम्पन्न र फरफारक | २०८२ चैत्र मसान्त भित्र | उपभोक्ता समिति, वडा कार्यालय, अनुगमन समिति, योजना शाखा, पूर्वाधार शाखा |

**निर्णय नं. ३**

वर्षादका कारण पूर्वाधार र कृषि लगायत विभिन्न क्षेत्रमा पुगेको क्षतिको कार्यालयमा प्राप्त विवरण माथि छलफल गरियो। प्राप्त विवरणको सम्बन्धित वडाका प्राविधिकबाट स्थलगत अनुगमन गराई प्राविधिक स्टमेट तयार गरी सम्बन्धित विषयगत समितिबाट निर्णय गराई विनियोजित बजेटको परिधीमा रही कार्यविधिमा उल्लेख भए बमोजिम राहत उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने। साथै वढी क्षती

पुगी प्रभावित हुन पुगेका नगरवासीलाई राहत उपलब्ध गराउन प्रदेश तथा संघीय सरकारका निकायहरुमा अनुरोध गर्ने ।

निर्णय नं. ४

मन्थली नगरपालिकाबाट ३ नं वडा कार्यालयसम्म पुग्ने सडकको स्तरोन्नती र कालोपत्रेका लागि प्रदेश समपुरक योजनामा सिफारिस गरी वजेट समेत प्राप्त भई सकेकाले सो को कार्यान्वयनका लागि देहाय बमोजिम गर्ने ।

(क) प्रदेश समपुरक योजनाबाट प्राप्त रकम रु एक करोड र मन्थली नगरपालिकाबाट विनियोजित रु एक करोडबाट ठुलीमदौ अर्चले ठाँटी सडक कालोपत्रे

(ख) ठुलीमदौ भदौरे ठाँटी वडा कार्यालय सडक कालोपत्रेका लागि चालु आ.व. २०८२/८३ मा देहायका आयोजना ठेक्का व्यवस्थापनका माध्यमबाट सञ्चालन गर्दा ती मध्ये कुनै शिर्षकबाट वचेको रकमबाट रु एक करोड वजेट विनियोजन गरी आगामी नगरसभाबाट अनुमोदन गराउने ।

(१) प्रदेश समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनामा नगरपालिकाको तर्फबाट विनियोजित रकम वा

(२) संघीय समपुरक अनुदान अन्तर्गत वडा कार्यालय भवन निर्माणका लागि नगरपालिकाको तर्फबाट विनियोजित रहेको म्याचिङ्ग फण्डको रकम वा

(३) वडा नगर साझेदारी योजनाहरु

निर्णय नं. ५

मन्थली नगरपालिकामा विभिन्न क्रियाकलाप सञ्चालन गर्न रकम माग गर्ने देहाय बमोजिमका संघ संस्थाहरुलाई तपसिलमा उल्लेख भए बमोजिमको सहयोग उपलब्ध गराउने ।

| सि.नं. | माग गर्ने निकाय | माग गरिएको कार्यक्रम | विनियोजित रकम रु |
|---|---|---|---|
| १ | मुगिखोला युवा क्लव मनपा ७ | चौथो सुनापति गापा अध्यक्ष कप खुल्ला पुरुष भलिवल प्रतियोगिता २०८२ मा सहभागिता | ७०००० |
| २ | श्री फुलासी जनप्रिय युवा क्लब मनपा १३ | तेस्रो खुल्ला पुरुष फुटवल प्रतियोगिता २०८२ | १००००० |

देवेन्द्र ... प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ३ | धनेश्वर महादेव मन्दिर संरक्षण मनपा ८ | धनेश्वर महादेव मन्दिर ट्रस तथा रेलिङ्ग निर्माण | १००००० |

**निर्णय नं. ६**

मन्थली नगरपालिकाको प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम यही मिति २०८२ साल मंसिर १५ गते मनपा २ को वडा कार्यालय टेकनपुरमा सञ्चालन गर्ने ।

**निर्णय नं. ७**

मन्थली नगरपालिकाबाट चालु आ.व. २०८२/८३ को साउन भदौ र असोज महिनामा कार्यालयबाट सम्पादित कार्यको समीक्षा गरियो । कार्य सम्पादनमा नियमितता एक रुपता र क्रियाशिलताका लागि सम्बन्धित शाखा मार्फत मासिक कार्ययोजना निर्माण गरी सोको मासिक समीक्षा समेत गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

२०८२/०८/१६

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत